गाउँ सभाको मिति २०७८ असार १० गते बिहीबारको बैठकमा

उपाध्यक्ष श्री मन्जु बुढाथोकीले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७८।७९ को

राजस्व र व्ययको अनुमान

# बजेट बक्तब्य

सुर्यगढी गाउँपालिका
नुवाकोट जिल्ला
बागमती प्रदेश
१० असार २०७८

आव२०७८-७९,बजेटवक्तव्य-सुर्यगढीगाउँपालिका

सूर्यगढी गाउँपालिका गाउँसभाको सभाध्यक्षज्यू,
गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,
पत्रकार मित्रहरु, उपस्थित सम्पूर्ण महानुभावहरु,

सूर्यगढी गाउँपालिकाको गाउँ सभामा आ.व ०७८।०७९ को लागि बजेट तथा कार्यक्रम प्रस्तुत समाहरोहमा गाउँपालिकाको उपाध्यक्षको तर्फ वाट हार्दिक स्वागत गर्न चाहन्छु । यो अवसर प्राप्त भएकोमा म आफुलाई असाध्यै भाग्यमानी ठानेको छु ।

नेपालको संविधान २०७२ एवम् स्थानिय सरकार कार्यसञ्चालन ऐन २०७४बमोजिम स्थानीय सरकार सञ्चालन भएको चार वर्षको अवधि जनताको सेवा एवम् समग्र सूर्यगढीको विकासमा समर्पित भएर विताएका छौं र यो वर्ष पनि जनता प्रति जवाफदेही भएर लाग्ने छौं । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ । हामिलाई यो अवस्था सम्म ल्याउने प्रमुख बैधानिक आधार नेपालको संविधान २०७२, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु,कर्मचारीहरु,राजनैतिक दलका प्रतिनिधिहरु,नागरिक समाजका प्रतिनिधिहरु,शिक्षकहरु,पत्रकारहरु तथा समग्र सूर्यगढीका नागरिकहरुमा हृदयदेखी नै धन्यबाद दिन चाहन्छु ।

देशको पछिल्लो समयको विकसित राजनैतिक घटनाक्रम तथा विश्वब्यापी रुपमा फैलियको कोभिड-१९को दोस्रो चरणको संक्रमणका कारण उत्पन्न विषम परिस्थिति लगायतका थुप्रै चुनौती हुंदाहुंदै पनि हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन् ।

संघियताको मर्म र भावना अनुरुप स्थानिय तहको गठन भए पछि ऐतिहासिक प्रथम निर्वाचित जनप्रतिनिधिको रुपमा निर्वाचित भएर आए पश्चात सूर्यगढी गाउँपालिकामा हामीले बार्षिक बजेट तथा कार्यत्रममा समावेश गरेका केही राम्रा प्रयासहरुलाई म स्मरण गर्न चाहन्छु ।

- सामाजिक सुरक्षा भत्तामा हुने आर्थिक अनियमिततालाई रोकी आर्थिक पारदर्शिताका लागि बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने परिपाटी लागू गरिएको छ ।
- विकास निर्माणका क्रममा प्रयोग हुने जे.सि.बि.तथा स्काईभेटर जस्ता उपकरणहरुको न्यूनतम दररेट लागू गरी सरल र सुलभ रुपमा काम गर्ने बाताबरण मिलाइएको छ ।
- ज्यादै न्यून पारिश्रमिकमा सामूदायिक विद्यालय काम गर्ने बालविकास सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुलाई भत्ताको रुपमा थप रकम प्रदान गर्दे काम प्रति लगनसिल भएर लाग्न प्रोत्साहित गरिएको छ ।
- शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउने प्रयास स्वरुप उत्कृष्ठ शिक्षक तथा विद्यार्थीलाई पुरस्कृत गर्ने परिपाटीको विकास गरिएको छ ।
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिको लागि भौतिक पूर्वाधार(शौचालय,पुस्तकालय,विज्ञान प्रयोगशाला, आइ.सि.टि.ल्याव)बिकास गर्नुका साथै विद्यालयहरुमा नि:शुल्क सेनेटरी प्याड वितरण गरिएको छ ।
- आवश्यक्ताको आधारमा विद्यालयको स्तरोन्नती गर्दै इ-हाजिरी मार्फत शिक्षक कर्मचारीको नियमिततामा जोड दिन तथा विद्यालयमा पठनपाठनमा गुणस्तर बृद्धि गर्नको लागि प्रत्येक विद्यालयमा इन्टरनेट तथा केहि विद्यालयमा सिसि क्यामेराको ब्यवस्था गरिएको छ ।

- बृद्ध तथा जेष्ठ नागरिक हाम्रा आदर्श र पथप्रर्दशक भएकाले उहाँहरुको सहज जीविकोपार्जनको लागि चाडपर्व भत्ता तथा तातो न्यानो कपडाको लागि वार्षिक रुपमा रु.एक हजार पाँच सय अतिरिक्त भत्ताको व्यवस्था गरिएको छ ।
- प्रत्येक स्वास्थ्य संस्था तथा वडा कार्यालयबाट प्रदान गरिने सेवाप्रवाहलाई प्रभावकारी बनाउन इ-हाजिरी तथा इन्टरनेटको ब्यवस्था गरिएको छ ।
- नागरिकको स्वास्थ्यलाई सर्वोपरी मानेर कोभिड-१९ तथा अन्य रोगबाट विरामी भएका जनताहरुलाई नि:शुल्क रुपमा एम्बुलेन्स सेवा प्रदान गर्नुका साथै दीर्घ रोगीहरुलाई नि:शुल्क औषधि वितरण गरिएको छ ।
- विश्वब्यापी महामारीको रुपमा फैलियको कोभिड-१९ संक्रमणको समयमा विपन्न परिवारलाई राहत वितरण, नि:शुल्क पि.सि.आर तथा एण्टिजेन परिक्षण गरिनुका साथै क्वारेन्टीन तथा अक्सिजन सहितको आइसोलेसन सेन्टरको स्थापना गरिएको छ ।
- बिकासको मेरुदण्डको रुपमा रहेको सडक यातायातको स्तरवृद्धि गरिनुका साथै केहि भागमा कालो पत्रे गर्ने काम सम्पन्न गरिदै छ । यस लाई निरन्तरता दिइनेछ ।
- “एक घर एक धारा” खानेपानी कार्यक्रमलाई प्राथमिकता दिई हाल तीन सय भन्दा बढी घरधुरीमा खानेपानी धारा जडान गरी सकिएको र यसलाई निरन्तरता दिने गरी बजेट विनियोजन गरिएको छ ।
- कृषि तथा पशुविकास शाखा बाट कृषकहरुको लागि विभिन्न कृषि औजार,बीउबिजन,तथा पशु विकासका कार्यक्रमहरु अनुदानमा वितरण गरीएको छ ।

आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सहितको विवरण सुशासित र समृद्ध सूर्यगढी निर्माणको मूल उद्देश्य बोकेर आजकै सभामा प्रस्तुत भएको आ.व.२०७८।७९ को नीति तथा कार्यक्रमद्वारा परिलक्षित रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्षज्यू**

आर्थिक वर्ष २०७७७८ मा यस गाउँपालिकामा वित्तीय समानिकरण तर्फ संघिय सरकारबाट प्राप्त समानिकरण अनुदान रकम रु.७,८५,००,०००।- (सात करोड पचासी लाख),संघीय शसर्त अनुदान तर्फ रकम रु.१३,०९,००,०००।-(तेह्र करोड नौ लाख),विशेष अनुदान रकम रु.१,००,००,०००।-(एक करोड),समपूरक अनुदान रकम रु. १,८४,००,०००।- (एक करोड चौरासी लाख)राजश्व बाँडफाँडबाट रकम रु.४,०७,३६,७०४।७१ (चार करोड सात लाख छत्तिस हजार सात सय चार रुपैया एकहत्तर पैशा) गरी नेपाल सरकारबाट जम्मा रकम रु.२७,८५,३६,७०४।७१ (सत्ताइस करोड पचासी लाख छत्तिस हजार सात सय चार रुपैया एकहत्तर पैशा)प्राप्त भएको छ ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु.९९,३७,०००।-(उनान्सय लाख सैतीस हजार),सशर्त अनुदान तर्फ रकम रु.१,७०,९५,०००।- (एक करोड सत्तरी लाख पन्चानब्बे हजार),विशेष अनुदान रकम रु. ५०,००,०००।- (पचास लाख) समपुरक अनुदान रकम रु. १,९८,९७,०००।- (एक करोड अन्ठानब्बे लाख सन्तानब्बे हजार) राजश्व बाँडफाँडबाट रकम रु. ७३,७९,१३७।०१-(त्रिहत्तर लाख उनासी हजार एक सय सैतिस रुपैया एक पैसा)आन्तरिक श्रोत रु. ३,५०,०००।-(तीन लाख पचासहजार) गरी रु.

आ.व.२०७८-७९, बजेट वक्तव्य सुर्यगढी गाउँपालिका

५,९६,५८,१३७१ (पाँच करोड छयानब्बे लाख अन्ठाउन्न हजार एक सय सैतिस रुपैया एक पैशा) प्राप्त भएको छ ।

यसैगरी स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रमका लागि ५६,००,०००।- (छपन्न लाख),प्रदेश पूर्वाधार साझेदारी कार्यक्रमका लागि १,००,००,०००।- (एक करोड)प्राप्त भएको छ भने सामाजिक सुरक्षा तर्फ ५,७४,००,०००।- (पाँच करोड चौहत्तर लाख) प्राप्त भएको छ ।

जसमध्ये हाल सम्मको वित्तिय प्रगतिचालु तर्फ६९.९६(उनन्सत्तरी दशमलव छयानब्बे)प्रतिशत र पुँजीगत तर्फ ३७.८९ (सैतिस दशमलव उनान्नब्बे)प्रतिशत खर्च रहेको छ ।

**सभाध्यक्षज्यू,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिमको स्थानीय तहको एकल तथा साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति,सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै कोरोना विरुद्धको गतिविधि,सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस सभामा प्रस्तुत भएको आ.व.२०७८।७९ को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०७८।७९को बजेट गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु ।

आर्थिक वर्ष २०७८।७९मा यस गाउँपालिकामा संघिय सरकारबाट वित्तीय समानीकरण तर्फ रु.८,०७,००,०००।-(आठ करोड सात लाख),संघीय शसर्त अनुदान तर्फ रकम रु.१४,२९,००,०००।-(चौध करोड उनन्तीस लाख),विशेष अनुदानरु.१,७४,००,०००।-(एक करोड चौहत्तर लाख),समपुरक अनुदान रु.४६,००,०००।-(छयालिस लाख),राजश्व बाँडफाँड बाट प्राप्त रु. ५,४७,४७,०००।-(पाँच करोड सतचालिस लाख सतचालिस हजार) सामाजिक सुरक्षा तर्फ रु.६,००,००,०००।-(छ करोड) प्राप्त हुने अनुमान गरिएको छ ।

प्रदेश सरकारबाट वित्तीय समानिकरण तर्फ रकम रु.६२,६०,०००।-(बैसट्ठी लाख साठी हजार), सशर्त अनुदान तर्फ रकम रु.१,५५३८,०००।- (एक करोड पचपन्न लाख अट्तीस हजार), राजश्व बाँडफाँड तर्फ रकम रु. ८६,६०,७०४।- (छयासी लाख साठी हजार सात सय चार) विशेष अनुदान रु.६०,००,०००।- (साठी लाख),समपुरक अनुदान रु.१,००,००,०००।- (एक करोड),प्राप्त हुने अनुमान गरिएको छ । आन्तरिक आय तर्फ रकम रु. ३०,००,०००।- (तीस लाख) राजस्व संकलन हुने अनुमान गरिएको छ । भने चालु आ.व.मा सञ्चित कोषमा रकम रु. १,५०,००,०००।- (एक करोड पचास लाख) मौज्दात रहन सक्ने देखिएकोले आ.व. २०७८।७९ को अनुमानित कुल बजेट रकम रु. ४२,४८,०५,७०४।- (बयालिसकरोड अट्चालिस लाख पाँच हजार सात सय चार) प्रस्ताव गरेको छु ।

जसमध्ये चालु तर्फ २७,४४,४५,७०४।- (सत्ताइस करोड चौवालिस लाख पैतालिस हजार सात सय चार)र पूजिगत तर्फ १५,०३,६०,०००।- (पन्ध्र करोड तिन लाख साठी हजार) खर्च हुने अनुमान गरेको छु ।

आगामि आ.व. ०७८।७९ मा विषयगत क्षेत्रहरुमा निम्नानुसार बजेट विनियोजन गरेको छु ।

आर्थिक विकास (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र आदि) तर्फ रकम रु.१,५५,००,०००।-(एक करोड पचपन्न लाख) विनियोजन गरेको छु ।

- आलु तथा अन्य तरकारी बारीको साना ब्यवहारीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालनको लागि रु.२४,००,०००।-(चौविस लाख) बजेट विनियोजन गरेको छु ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन आदि) तर्फ रकम रु. ८,७५,४१,०००।-(आठ करोड पचहत्तर लाख एकचालीस हजार) विनियोजन गरेको छु ।

- शुन्य दरबन्दी भएका ३ वटा आधारभूत विद्यालयहरुकोसम्पूर्ण व्यवस्थापनको लागि रु३०,००,००० ।-(तीस लाख) विनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयमा  दुई वटा शौचालय निर्माण गर्न रु१४,००,००० ।-(चौध लाख) विनियोजन गरेको छु ।
- सामूदायिक विद्यालयका विद्यार्थीहरुका लागि प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखी १० सम्म अध्ययनरत विद्यार्थीको पाठ्यपुस्तकको लागि रु २५,००,००० ।-(पच्चीस लाख) विनियोजन गरेको छु ।
- सामूदायिक विद्यालयका कक्षा १ देखी ५ सम्म अध्ययनरत विद्यार्थीको दिवा खाजाका लागि रु७३,५१,०००।-(त्रिहत्तर लाख एकाउन्न हजार) विनियोजन गरेको छु ।
- सामूदायिक विद्यालयका कक्षा ६ देखी १२ सम्म अध्ययनरत छात्राहरुका लागि नि:शुल्क सेनिटरी प्याड वितरणका लागि रु१०,०१,०००।-(दश लाख एक हजार) विनियोजन गरेको छु ।
- सामूदायिक विद्यालयका मावि विज्ञान प्रयोगशाला,मावि पुस्तकालय र सूचना प्रविधि सिकाई केन्द्रको लागि रु१९,५०.,०००।-(उन्नाइस लाख पचास हजार) विनियोजन गरेको छु ।
- सुर्यगढी गाउँपालिकामा सामूदायिक विद्यालयमा न्यून दरबन्दिका कारण पठनपाठनमा संघर्ष गरिरहेका निजीस्रोत शिक्षकका प्रोत्साहनको लागि यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि निश्चित मापदण्डका आधारमा प्रशासनिक अनुदान दिने व्यवस्थाको लागि रकम रु.८०,००,०००।-(असी लाख) विनियोजन गरेको छु ।
- सामूदायिक विद्यालयहरुमा कार्यरत स्विकृत कोटाको बाल विकास सहजकर्ता,विद्यालय लेखापालको लागि गाउँपालिकाको तर्फबाट मासिक तीन हजार विद्यालय कर्मचारीको लागि मासिक दुई हजार प्रोत्साहन भत्ताको ब्यवस्थाको लागि रु २३,००,०००।-(तेइस लाख) विनियोजन गरेको छु ।
- कोभिड १९को बाट उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रमको लागि लागि रु४,००,०००।-(चार लाख) विनियोजन गरेको छु ।

आ.व.२०७८/०७९ बजेट वक्तव्य-सूर्यगढी गाउँपालिका

- कोभिड १९को रोकथाम तथा नियन्त्रणका लागि आइसोलेसनमा,कोभिड परिक्षणमा र ल्याबमा खटिएका स्वास्थ्यकर्मीहरुका लागि खटिएको अवधि सम्मको लागि खाइपाई आएको तलबको पच्चिस प्रतिशत जोखिम भत्ताको लागि रु ११,०,०००।-(एघार लाख) विनियोजन गरेको छु ।
- मातृ तथा नवशिशु कार्यक्रम अर्न्तगत आमा सुरक्षा,गर्भवती उत्प्रेरणा सेवा,न्यानो झोला र नि:शुल्क गर्भपतन तथा सुत्केरी पोषण(अण्डा-तेल) कार्यक्रमको लागि रु १२,००,०००।-(बाह्र लाख) विनियोजन गरेको छु ।
- सामुदायिकविद्यालयमा अध्ययनरत कक्षा १ देखी १२ सम्मका छात्राहरुको लागि विशेष छात्रबृत्तिको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्विकृत दरबन्दीको करार सेवामा कार्यरत स्वास्थ्य कर्मचारीको लागि महंगी भत्ताको ब्यवस्थाका लागि रु४,००,०००।-(चार लाख) विनियोजन गरेको छु ।
- औषधि खरिद तथा स्वास्थ्य सम्बन्धि विविध कार्यक्रम सञ्चालन गर्न लागि रु २०,००,०००।-(बीस लाख) विनियोजन गरेको छु ।
- गर्भावस्थामा स्वास्थ्य परिक्षण गरी छोरी भएमा गरिने भ्रुण हत्यालाई निरुत्साहित गर्न छोरी जन्मेको दिनबाट आठ वर्षको उमेर सम्म निजको नाममा बैंक खाता खोली मासिक एक सय रुपैया भत्ताको लागि रु.३,००,०००(तीन लाख) बजेट विनियोजन गरेको छु ।
- सूर्यगढी गाउँपालिका भित्र हालसम्म पनि कम्प्युटर, प्रिन्टर तथा फोटोकपि मेशिन जस्ता विद्यालयको दैनिक प्रशासन सञ्चालन गर्न आधारभूत सामग्रीहरु अभाव रहेका विद्यालयहरुको पहिचान गरी न्यूनतम एक एक सेट कम्प्युटर प्रणाली जडान गर्न रकम रु. १२,००,०००।- (बाह्र लाख) विनियोजन गरेको छु ।
- खेलकुद पूर्वाधार प्रवर्द्धन गरी विद्यालयस्तर देखि नै खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित एव व्यवसायिक खेलाडी उत्पादन गर्ने उद्धेश्यले खेलमैदान निर्माण तथा खेलकुद गतिविधिहरु सञ्चालन गर्न रकम रु. ८०,००,०००।- (असी लाख) विनियोजन गरेको छु ।
- महिला सीप विकास कार्यक्रमको लागि रु.१०,००,०००।- (दश लाख) विनियोजन गरेको छु ।
- परिवार नियोजन किशोर किशोरी प्रजनन स्वास्थ्य कार्यक्रमको लागि रु.३,४४,०००।- (तीन लाख चवालिस हजार) विनियोजन गरेको छु ।

पूर्वाधार विकास (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार आदि) तर्फ रकम रु. १०,७५,२०,०००।- (दश करोड पचहत्तर लाख बीस हजार) विनियोजन गरेको छु ।

वातावरण तथा विपद व्यवस्थापन (बन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, ल्यान्डफिल साइड, जल उत्पन्न प्रकोप नियन्त्रण) तर्फ रकम रु. ८०,००,०००।- (असी लाख) विनियोजन गरेको छु ।

- गाउँपालिकाको सार्वजनिक सम्पत्तिको संरक्षण, बजार अनुगमन, अब्यबस्थित यातायात सञ्चालन नियन्त्रण, फोहरमैला व्यवस्थापन बिपद् ब्यवस्थापन तथा राजस्व संकलन लगायतका गाउँपालिकाको अन्य कार्य सञ्चालन गर्न/गराउनको लागि यसै आर्थिक वर्ष देखी नगर प्रहरीको

व्यवस्था गरिने नीतिलाई कार्यान्वयन गर्न रकम रु. ३०,००,०००।-(तीस लाख) विनियोजन गरेको छु ।

विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरसको क्षति कम गर्न, र अन्य गतिविधि संचालनको लागि रु७५,००,०००।-(पचहत्तर लाख)विनियोजन गरेको छु ।

प्रत्येक वडामा कुनैपनि समयमा हुनसक्ने दुर्घटनालाई मध्य नजर गरी उपयुक्त स्थानमा बार्है महिना सञ्चालनमा आउन सक्ने हेलिप्याड निर्माण निरन्तरता गर्न रकम रु.१२,००,०००(बाह्र लाख) विनियोजन गरेको छु ।

अति बिपन्न, असहाय, गरिब, पिछडिएको वर्ग, बिहान बेलुका खान नपुग्ने घर परिवारको पहिचान गरी प्रत्येक वडा बाट १००-१०० जनाको संख्यामा छनौट गरी आबश्यक सिप मुलक कार्यक्रम संचालन गरी आय आर्जनको वृद्धि गर्ने नीति अनुरुप विपन्न लक्षित सीपमूलक तालिम कार्यक्रमको लागि २५,००,०००।-(पच्चिस लाख)विनियोजन गरेको छु ।

महिला सँग उपाध्यक्ष कार्यक्रम मार्फत अधिकाशं महिलाहरु लाभान्वित हुने महिलाको प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न रकम रु. १५,००,०००।- (पन्ध्र लाख) विनियोजन गरेको छु ।

सुर्यगढी गाउँपालिका भित्र रहेका बिजुलीको काठको पोल विस्थापित गरी फलामे पोल प्रयोगमा ल्याउने नीति अनुरुप विद्युत प्राधिकरण सँग समन्वय गरीकार्यक्रम सञ्चालन गर्न रकम रु.१२,००,०००।-( बाह्रलाख) विनियोजन गरेको छु ।

जनसाधारणले प्रचलित कानूनको साधारण ज्ञानको अभावमा विविध कठिनाईको सामना गर्न परेकोले ऐन, कानूनबारे जनचेतना फैलाउनको लागि न्यायिक समितिको अगुवाईमा सञ्चालन गरिने अभिमूखिकरण कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

ज्येष्ठ नागरिकहरुलाई घर घरमा त्रैमासिक रुपलेसामान्य स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईने नीति अनुरुप उक्त कार्यमा खटिने जनशक्तिलाई खाजा तथा यातायात खर्चको व्यवस्था मिलाएको छु ।

विगत देखी सञ्चालनमा आएको ज्येष्ठ नागरिक बार्षिक चाडपर्ब खर्चको लागि रकम रु.२०,५०,०००।-(बीस लाख पचास हजार) विनियोजन गरेको छु ।

गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने मूल मार्गहरुमा सिमा प्रवेशद्वार निर्माण गरी भौगोलिक सिमाकंनलाई थप व्यवस्थित गर्ने व्यवस्थाकोनिरन्तरताको लागि रकम रु. १५,००,०००।- (पन्ध्र लाख) विनियोजन गरेको छु ।

गाउँपालिका भित्र पशुपालनलाई प्रोत्साहन गर्ने उद्देश्यले गाई/भैसीँ पालन गर्ने कृषकलाई पशु सुत्केरी भत्ताको व्यवस्था गरिने नीतिलाई निरन्तरताको लागि रु. ६,००,०००।- (छ लाख) विनियोजन गरेको छु ।

वैकल्पीक उर्जा लाई प्रोत्साहन गर्दै सुर्यगढी गाउँपालिकामा रहेका सबै जसो बजार क्षेत्रमा सोलारको बत्ती जडान गर्दै जाने नीतिलाई कार्यान्वयन गर्न रकम रु. १५,००,०००।-(पन्ध्रलाख) विनियोजन गरेको छु ।

बजार क्षेत्रको फोहरमैला एवं ल्याडफिल साईटको व्यवस्थापनको लागि ८,००,०००।- (आठ लाख) विनियोजन गरेको छु ।

आ.व.२०७८/-७९ बजेट वक्तव्य-सुर्यगढी गाउँपालिका

यस गाउँपालिकाको माटो तथा हावा पानी सुहाउँदो बोट विरुवाको अभाव हुन नदिन गाउँपालिकामै नर्सरी को व्यवस्था गरिने नीतिलाई निरन्तरता दिईएकामा प्रभावकारी कार्यान्वयनको लागि नर्सरी व्यवसाय स्थापना तथा संचालन अनुदानको निरन्तरता लागि बजेट विनियोजन गरेको छु ।

अन्त्यमाआजकै बैठकमा प्रस्तुत सूर्यगढी गाउँपालिकाको आ.व.०७८।७९को विनियोजन विधेयक र आर्थिक विधेयक अनुमोदनार्थ यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दै यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुखप्रशासकिय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कमचारी मित्रहरु, यस क्षेत्रका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका सूर्यगढी गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दैबजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यबाद ।

आव२०७८-७९,बजेटवक्तव्य-सुर्यगढीगाउँपालिका